# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०४।२१ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ईलामका तत्कालिन लेखा अधिकृत रबिनचन्द्र ढकालले नगरपालिकाको सरकारी रकम हिनमिना गरि भ्रष्टाचार गरेको भन्ने उजुरीको आधारमा निज लगायत सोही कार्यालयका प्रमुख प्रशासकिय अधिकृत कालिदास ढकाललाई समेत नियन्त्रणमा लिई अनुसन्धान हुँदा लेखा अधिकृत रबिनचन्द्र ढकालले रकम जम्मा गर्ने प्रयोजनको लागि बैंकलाई पठाईएको पत्रमा र कार्यालयमा रहने पत्रमा बिवरण फरक फरक पार्ने, कार्यकारी अधिकृतको नामको दस्तखत आफैले किर्ते गर्ने तथा राजस्व तिरेको बैक भौचरहरु समेत किर्ते खडा गर्ने कार्य गरि कुल जम्मा रु. ३ करोड २४ लाख ५६ हजार १ सय ४८ माई नगरपालीकाको सरकारी रकम बदनियत पूर्वक अनियमित तरिकाले आफ्नो ब्यक्तिगत खातामा जम्मा गरि उक्त रकम आफैले खर्च गर्नुका साथै आफ्नो तथा आफ्ना परिवारका सदस्यहरुको नाममा अचल सम्पती जग्गा जमीनहरु खरिद गरि भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९, दफा १५ र दफा १७ को कसुर गरेको तथा प्रमुख प्रशासकीय अधिकृत कालिदास ढकालले रबिनचन्द्र ढकालसँगको सरसल्लाह तथा मिलेमतोमा नगरपालीकाको रकम मिलाई आएको प्रतिफल मिलेर उपभोग गर्ने गरि रकम जम्मा गर्नको लागि बैंकलाई लेखिएको पत्र र कार्यालयमा रहने प्रतिमा फरक फरक बिवरण भएका पत्रहरुमा दस्तखत गर्ने, हिनामिना गरी निकालेको रकम मध्ये रबिनचन्द्र ढकालसँगबाट रु.१० लाख नगदै लिने कार्य गरेको तथा रबिनचन्द्र ढकालले झापा र ललितपुरमा खरिद गरेका जग्गाहरुमध्ये उत्कृष्ट १/१ कित्ता जग्गा निज अथवा निजको बिश्वासिलो पात्रको नाममा पास गर्ने वा त्यसबेला कायम हुन आउने मुल्य बराबरको रकम उनले तोकेको ब्यक्तिको खातामा जम्मा गरिदिने भन्ने आपसी सहमती गरि सोहि सहमतीको आधारमा कर्तब्यबिमुख भई अनादेखा प्रमाणिकरण गरेका गोश्वारा भौचरहरुमा रकम एकिन गरि चेक नं. उल्लेख गर्नु पर्नेमा चेक नम्बर उल्लेख नै नगरी हचुवाको भरमा चेक तथा भौचरहरुमा दस्तखत गर्ने, गोश्वारा भौचरसाथ संलग्न रहेको बिल भरपाईहरु प्रमुख प्रशासकीय अधिकृतले प्रमाणीकरण गरिसकेपछि मात्र चेक तथा गोश्वारा भौचर प्रमाणीत गर्नुपर्नेमा बिल भरपाईको आधिकारीकता एकिन नै नगरि हचुवामा चेकमा दस्तखत गर्ने कार्य गरि सहकर्मी रबिनचन्द्र ढकालसँगको मिलेमतोमा आफ्नो जिम्मेवारी र कर्तब्यको दुरुपयोग गरि रु.२,३४,४३,१००।- (दुई करोड चौतिस लाख त्रिचालिस हजार एक सय) सरकारी कोषको रकम सहकर्मी रबिनचन्द्र ढकालको निजी खातामा जम्मा गर्ने कार्यमा श्रृजना गरिएको कागजातहरु प्रमाणित गरी बदनियतका साथ दुरुपयोग र हिनामिना गरेकोले रबिनचन्द्र ढकालको हकमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९, दफा १५ र दफा १७ को कसुर गरेकोले निजलाई

भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ९ र दफा १५ बमोजिम सजाय हुन तथा निजले भ्रष्टाचार गरि खाई मासेको बिगो रु.३,२४,५६,१४८।- (तीन करोड चौबिस लाख छपन्न हजार एक सय अठ्चालीस) कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ को कसुर अपराधमा ऐ. ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (झ) बमोजिम सजाँय हुन र निजले भ्रष्टाचार गरि खाई मासेको बिगो रु.३,२४,५६,१४८।-(तीन करोड चौबिस लाख छपन्न हजार एक सय अठ्चालीस) निज प्रतिबादीबाट भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिम असुल उपर गरिपाउन तथा कालिदास ढकालको हकमा निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा परिभाषीत कसुर गरेको स-प्रमाण पुष्टि भएको हुँदा निज प्रतिबादी कालीदास ढकाललाई बिगो रु.२,३४,४३,१००।-(दुई करोड चौतिस लाख त्रिचालिस हजार एक सय) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ मा ब्यबस्था भए बमोजिम निज समेतको मिलेमतोमा खाए मासेको बिगो रु.२,३४,४३,१००।-(दुई करोड चौतिस लाख त्रिचालिस हजार एक सय) निज कालीदास ढकालबाट ऐ. दफा १७ बमोजिम असुल उपर गरि ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा १ को देहाय (झ) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरि पाउन साथै निज रबिनचन्द्र ढकालले भ्रष्टाचार गरि कमाएको रकमबाट खरिद गरिएको निज रबिनचन्द्र ढकाल, श्रीमती रिना आचार्य, आमा प्रेम कुमारी दाहालको नाममा रहेको जग्गा तथा निज रबिनचन्द्र ढकाल, श्रीमती रिना आचार्य र आमा प्रेम कुमारी दाहालको नाममा रहेको बैंक खाताहरुमा मौज्दात देखिएको रकमहरु समेत भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ४७ एबं अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत गरिपाउन मागदाबी लिई मिति २०७५।०४।२० गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता